# नेपाल प्रज्ञा-प्रतिष्ठान नियमावली, २०६७

नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४ को दफा ९ (छ) तथा दफा ३५ ले दिएको अधिकारको प्रयोग गरी प्राज्ञ-सभाले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यी नियमहरूको नाम **नेपाल प्रज्ञा-प्रतिष्ठान नियमावली**, २०६७ रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) **ऐन** भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ सम्झनुपर्छ ।

(ख) **प्रज्ञा-प्रतिष्ठान** भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठान सम्झनुपर्छ ।

(ग) **सभा** भन्नाले ऐनको दफा ७ बमोजिमको प्राज्ञसभा सम्झनुपर्छ ।

(घ) **प्राज्ञ-परिषद्** भन्नाले ऐनको दफा ११ बमोजिमको प्राज्ञ-परिषद् सम्झनुपर्छ ।

(ङ) **सेवा आयोग** भन्नाले ऐनको दफा २५ बमोजिमको सेवा आयोग सम्झनुपर्छ ।

(च) **अध्यक्ष** भन्नाले दफा ७ को प्रयोजनको लागि सभाको अध्यक्ष, दफा ११ को प्रयोजनको लागि प्राज्ञ-परिषद्को अध्यक्ष र दफा २५ को प्रयोजनको लागि सेवा आयोगको अध्यक्ष सम्झनुपर्छ । यस शब्दले बैठकको अध्यक्षता गर्ने उपाध्यक्ष एवं सदस्यसमेतलाई जनाउनेछ ।

(छ) **सदस्य** भन्नाले सभाका सदस्य, प्राज्ञ परिषद्को सदस्य र सेवा आयोगको सदस्यलाई सम्झनुपर्छ । सो शब्दले उपाध्यक्ष, सदस्य सचिव र पदेन सदस्यसमेतलाई जनाउनेछ ।

(ज) **विभाग** भन्नाले यस नियम बमोजिम गठित प्राज्ञिक विभागहरू सम्झनुपर्छ ।

(झ) **बैठक** भन्नाले सभा, प्राज्ञ-परिषद् र सेवा आयोगको बैठक सम्झनुपर्छ ।

(ञ) **प्रतिवेदन** भन्नाले यी नियमहरूबमोजिम सदस्यले आफ्नो क्षेत्रमा भए गरेको प्रगतिको सम्बन्धमा दिने प्रतिवेदन सम्झनुपर्छ ।

(ट) **कुलपति** भन्नाले प्रज्ञा-प्रतिष्ठानको कुलपति सम्झनुपर्छ ।

(ठ) **उपकुलपति** भन्नाले प्रज्ञा-प्रतिष्ठानको उपकुलपति सम्झनुपर्छ ।

(ड) **सचिव** भन्नाले प्रज्ञा-प्रतिष्ठानको सचिव सम्झनुपर्छ ।

(ढ) **पदाधिकारी** भन्नाले कुलपति, उपकुलपति, सचिव र परिषद्का मनोनीत सदस्य सम्झनुपर्छ ।

(ण) **तोकिएको वा तोकिएबमोजिम** भन्नाले यी नियमहरू र यी नियमहरूअन्तर्गतका कार्यविधिबमोजिम तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद २
## प्रज्ञा-प्रतिष्ठानका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

३. कुलपतिको काम, कर्तव्य र अधिकार

ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रज्ञा-प्रतिष्ठानको प्रमुख प्रशासकीय तथा प्राज्ञिक पदाधिकारीको रूपमा निजले प्रज्ञा-प्रतिष्ठानको सम्पूर्ण क्रियाकलाप तथा प्रशासनमा रेखदेख र नियन्त्रण गर्नेछ,

(ख) प्रज्ञा-प्रतिष्ठानको उद्देश्यअनुरूप समग्र क्षेत्रको सर्वाङ्गीण विकासका लागि आवश्यक योजना तथा कार्यक्रम तयार गर्नु-गराउनु र त्यस्ता योजना तथा कार्यक्रमहरूको प्रगतिको मूल्याङ्कन गर्ने,

(ग) प्रज्ञा-प्रतिष्ठानको योजना कार्यको मूल्याङ्कन ६/६ महीनामा गरी प्राज्ञसभालाई सोबारे अवगत गराउने,

(घ) प्राज्ञ-परिषद्का सदस्यहरूले ६/६ महिनामा प्रस्तुत गर्ने आआफ्नो क्षेत्रको प्रतिवेदनअनुसार भएगरेका कार्यको मूल्याङ्कन गर्ने,

(ङ) प्रज्ञा-प्रतिष्ठान र अन्य कुनै विदेशी संस्था वा अन्तरराष्ट्रिय संस्थाबीच कुनै सम्झौता गर्नुपर्ने अवस्था परेमा प्रज्ञा-प्रतिष्ठानको तर्फबाट सम्झौता गर्ने एवं गर्न स्वीकृति दिने,

(च) सभाबाट भएको निर्णय र निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने,

(छ) ऐन, नियम तथा कार्यप्रणालीद्वारा प्राप्त कर्तव्य र अधिकार आवश्यकतानुसार कुनै समिति, निकाय वा आफ्नो मातहतका पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ,

(ज) प्रज्ञा-प्रतिष्ठानको सचिव १५ दिनभन्दा बढी कार्यालयमा अनुपस्थित हुने अवस्था भएमा दैनिक प्रशासनका लागि प्रज्ञापरिषद्का सदस्यमध्येबाट १ जनालाई सचिव फर्की नआउन्जेलसम्मका लागि सचिवले गर्ने कामकारवाही गर्न तोक्ने छ,

(झ) प्रज्ञा-प्रतिष्ठानले गर्नुपर्ने कामको सम्बन्धमा ऐन, नियम तथा कार्यप्रणालीद्वारा कुनै निकाय वा पदाधिकारीलाई प्रदान नगरेका अवशिष्ट अधिकारको प्रयोग गर्ने र त्यस्तो निर्णय लगत्तै बस्ने परिषद्को बैठकबाट अनुमोदन गराउनुपर्नेछ,

(ञ) प्राज्ञ-परिषद्बाट तोकिएबमोजिम अन्य कार्य गर्ने ।

## ४. उपकुलपतिको काम कर्तव्य तथा अधिकार

ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रज्ञा-प्रतिष्ठानको क्रियाकलाप तथा प्रशासनमा सामान्य रेखदेख र नियन्त्रण गर्ने ।

(ख) योजनाकार्यको अद्यावधिक मूल्याङ्कन गरी प्राज्ञ परिषद्लाई अवगत गराउने ।

(ग) प्राज्ञ-परिषद्का सदस्यहरूबीच संयोजन गर्ने तथा निजहरूले प्रस्तुत गरेका प्रतिवेदन आआफ्नो क्षेत्रमा भएगरेका कार्यको रेखदेख र सुपरीवेक्षण गर्ने ।

(घ) कुलपतिले अधिकार प्रत्यायोजन गरेका कामकारवाहीहरू गर्ने ।

(ङ) कुलपतिलाई तोकिएका कामकारवाही सुचारु रूपले सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याउने ।

(च) प्राज्ञ-परिषद्ले समयसमयमा तोकेका कामकारवाहीहरू गर्ने ।

## ५. सदस्यहरूको काम, कर्तव्य तथा अधिकार

सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्राज्ञ-परिषद्ले विभाजन गरेका विभागको नेतृत्व गर्दै त्यसअन्तर्गतका कार्य सम्पादन गर्ने ।

(ख) प्राज्ञ-परिषद्का सदस्यहरूले आआफ्नो क्षेत्रमा भएगरेका प्रगतिको ६/६ महिनामा प्रतिवेदन उपकुलपतिमार्फत कुलपतिसमक्ष दिनुपर्नेछ ।

(ग) आफ्नाआफ्ना क्षेत्रमा पर्ने अनुसन्धान अन्वेषणको कार्यमा आवश्यक सहयोग गर्ने ।

(घ) प्रज्ञा-प्रतिष्ठानको सर्वाङ्गीण विकासमा कुलपति तथा उपकुलपतिलाई आवश्यक सहयोग गर्ने ।

(ङ) आआफ्ना विभागअन्तर्गतका योजना तथा कार्यक्रमहरू तयार गरी उपकुलपतिमार्फत कुलपतिसमक्ष पेस गर्ने ।

(च) आफूलाई तोकिएका विभागअन्तर्गतका कामकारवाहीहरूको अनुगमन, मूल्याङ्कन एवं समन्वय गर्ने र कार्यान्वयन गराउने ।

(छ) कुलपति एवं उपकुलपतिबाट समयसमयमा तोकिदिएका अन्य कार्यहरू गर्ने-गराउने ।

## ६. सचिवको काम, कर्तव्य र अधिकार

(क) कुलपति एवं उपकुलपतिको निर्देशनमा प्रज्ञा-प्रतिष्ठानको प्रशासनको जिम्मेवारी वहन गरी मुख्य प्रशासक एवं नियन्त्रकको रूपमा काम गर्ने,

(ख) प्रज्ञा-प्रतिष्ठानको सम्पत्तिको व्यवस्था, संरक्षण, सम्भार, मर्मत, सञ्चालन तथा हेरचाह गर्ने तथा प्रज्ञा-प्रतिष्ठानको सम्पूर्ण जिन्सी लगत राख्न लगाउने,

(ग) प्रज्ञा-प्रतिष्ठानको वार्षिक आम्दानी-खर्चको बजेट तयार पारी प्राज्ञ-परिषद्को बैठकमा पेस गर्ने,

(घ) प्रज्ञा-प्रतिष्ठानको आर्थिक नियमावलीमा तोकिएअनुसार काम-कारबाही गर्ने-गराउने,

(ङ) प्रज्ञा-प्रतिष्ठानको कोष तथा खाताको सञ्चालन गर्ने,

(च) प्रज्ञा-प्रतिष्ठानको तर्फबाट दायर गर्ने, प्रतिवाद गर्ने जुनसुकै प्रकारको मुद्दा-मामिलाको दायर र प्रतिवाद गर्ने-गराउने एवं प्रतिनिधित्व गर्ने,

(छ) प्रज्ञा-प्रतिष्ठानको प्रत्येक निर्णय एवं आदेश प्रमाणित गर्ने,

(ज) ऐन, नियम, विनियम एवं कार्यप्रणालीद्वारा तोकिए बमोजिमको कामकारवाही गर्ने,

(झ) कुलपति एवं उपकुलपतिको निर्देशानुसार अन्य कार्य गर्ने ।

(ञ) कुलपतिको निर्देशनअनुसार प्राज्ञ-परिषद् र सभामा प्रस्तुत गर्ने विषयहरूको प्रस्ताव तयार गर्ने र प्रस्तुत गर्ने ।

(ट) प्रज्ञा-प्रतिष्ठानको उद्देश्यअनुरूप अन्य कार्यहरू गर्ने-गराउने ।

# परिच्छेद ३

# प्राज्ञिक विभागको गठन

## ७. प्राज्ञिक विभागको गठन

(१) प्रज्ञा-प्रतिष्ठानमा प्राज्ञिक विकास र विस्तारसम्बन्धी कार्यक्रमहरू, अनुसन्धान, सम्मेलन, प्रदर्शनी, प्रकाशन तथा अन्य प्राज्ञिक कार्यको सञ्चालन गर्न-गराउनको लागि देहायका प्राज्ञिक विभागहरू रहनेछन्–

(क) भाषा विभाग

(ख) सहित्य विभाग

(ग) संस्कृति विभाग

(घ) सामाजिकशास्त्र विभाग

(ङ) दर्शन विभाग

(२) नियम (१) मा गठित प्राज्ञिक विभागका अतिरिक्त आवश्यकता अनुसार विभिन्न विधाहरूलाई समेट्ने गरी प्रज्ञा-प्रतिष्ठानले अन्य प्राज्ञिक विभागहरू गठन गर्न सक्नेछ । त्यस्ता प्राज्ञिक विभागको काम, कर्तव्य र अधिकार प्राज्ञ-परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

## ८. प्राज्ञिक विभागको काम, कर्तव्य र अधिकार

प्राज्ञिक विभागका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

### (१) भाषा विभाग

(क) नेपालीलगायतका नेपालका सबै राष्ट्रभाषा (मातृभाषा) हरू सम्बन्धी विभिन्न विषयका उपयोगी ग्रन्थ, कोश, व्याकरण एवं कृतिहरू तयार गर्ने-गराउने,

(ख) नेपालीलगायतका नेपालका सबै राष्ट्रभाषा (मातृभाषा) हरू सम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्ने-गराउने,

(ग) नेपालका भाषाहरूको अध्ययन, अनुसन्धान र विकासको निमित्त सम्बद्ध विषयका विद्वान् तथा भाषाविद्हरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने ।

(घ) नेपालका भाषाहरूको अध्ययन, अनुसन्धानका विविध क्षेत्रमा उल्लेख्य योगदान दिने स्थानीय लेखक, साहित्यकार तथा सम्बद्ध अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने,

(ङ) भाषाका विभिन्न विषयमा प्रवचन, गोष्ठी विचार-विमर्श, सम्मेलन, प्रदर्शनी आदि गर्ने-गराउने,

(च) विदेशी भाषाबाट नेपालीलगायतका नेपालका राष्ट्रभाषाहरू (मातृभाषाहरू) मा, नेपालका अन्य राष्ट्रभाषाहरू (मातृभाषाहरू)बाट नेपालीमा, नेपाली भाषाबाट नेपालका अन्य राष्ट्रभाषाहरू (मातृभाषाहरू) मा र आवश्यकताअनुसार नेपालीलगायतका नेपालका राष्ट्रभाषाहरू (मातृभाषा) बाट विदेशी भाषामा उच्चस्तरीय कृतिहरूको अनुवाद एवं प्रकाशन गर्ने-गराउने,

(छ) भाषाका विभिन्न विषयमा हुने अन्तरराष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा प्रतिनिधित्व गर्ने-गराउने,

(ज) भाषाका विभिन्न क्षेत्रसँग सम्बद्ध अन्तरराष्ट्रिय संघसंस्थासँग सम्बन्धमा विस्तार गर्ने,

(झ) नेपालका भाषाहरूका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी विद्वान् तथा भाषाविद्हरूको कदर तथा सम्मान गर्ने,

(ञ) भाषाका विषयमा प्रज्ञा-प्रतिष्ठानसँग सम्बद्ध अन्य आवश्यक कार्यहरू गर्ने-गराउने ।

### (२) साहित्य विभाग

(क) नेपालका विभिन्न भाषाका साहित्यसम्बन्धी विभिन्न विषयका उपयोगी ग्रन्थ एवं कृतिहरू तयार गर्ने-गराउने,

(ख) नेपालका विभिन्न भाषाका साहित्यसम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्ने-गराउने,

(ग) साहित्यका विभिन्न विषयमा प्रवचन, गोष्ठी, विचार-विमर्श, सम्मेलन, प्रदर्शनी आदि गर्ने-गराउने,

(घ) नेपालका विभिन्न भाषाका साहित्यका विकासको निमित्त सम्बद्ध विषयका विद्वान् तथा साहित्यकारहरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने,

(ङ) नेपालका विभिन्न भाषाका साहित्यका विषयमा योगदान दिने स्थानीय लेखक, साहित्यकार तथा सम्बद्ध अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने,

(च) साहित्यका विभिन्न विषयमा हुने अन्तरराष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा प्रतिनिधित्व गर्ने-गराउने,

(छ) साहित्यका विभिन्न क्षेत्रसँग सम्बद्ध अन्तरराष्ट्रिय संघसंस्थासँग सम्बन्ध विस्तार गर्ने,

(ज) साहित्यका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी विद्वान् तथा साहित्यकारहरूको कदर तथा सम्मान गर्ने,

(झ) साहित्यका विषयमा प्रज्ञा-प्रतिष्ठानसँग सम्बद्ध अन्य आवश्यक कार्यहरू गर्ने-गराउने ।

### (३) संस्कृति विभाग

(क) नेपालको विविध संस्कृतिसम्बन्धी विभिन्न विषयमा उपयोगी ग्रन्थ एवं कृतिहरू तयार गर्ने-गराउने,

(ख) नेपालको विविध लोकसंस्कृति एवं संस्कृतिसम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्ने-गराउने,

(ग) संस्कृति एवं लोकवार्ताका विभिन्न विषयमा प्रवचन, गोष्ठी, विचार-विमर्श, सम्मेलन, प्रदर्शनी आदि गर्ने-गराउने,

(घ) संस्कृतिका विभिन्न विषय एवं लोकवार्तासँग सम्बन्धित हुने अन्तरराष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श प्रदर्शनी आदिमा प्रतिनिधित्व गर्ने-गराउने,

(ङ) नेपालको लोकवार्ता एवं विविध संस्कृतिको विकासको निमित्त सम्बद्ध विषयका विद्वान्हरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने,

(च) नेपालको विविध संस्कृतिका विषयमा योगदान दिने स्थानीय लेखक तथा सम्बद्ध अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने,

(छ) संस्कृतिका विभिन्न क्षेत्रसँग सम्बद्ध अन्तरराष्ट्रिय सङ्घसंस्थासँग सम्बन्ध विस्तार गर्ने,

(ज) नेपालको विविध संस्कृतिका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी विद्वान्हरूको कदर तथा सम्मान गर्ने,

(झ) संस्कृतिका विषयमा प्रज्ञा-प्रतिष्ठानसँग सम्बद्ध अन्य आवश्यक कार्यहरू गर्ने-गराउने,

**(४) सामाजिकशास्त्र विभाग**

(क) बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय नेपाली समाजको सामाजिक शास्त्रसम्बन्धी विभिन्न विषयमा उपयोगी ग्रन्थ एवं कृतिहरू तयार गर्ने-गराउने,
(ख) बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय नेपाली समाजको सामाजिक शास्त्रसम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्ने-गराउने,
(ग) सामाजिक शास्त्रका विभिन्न विषयमा प्रवचन, गोष्ठी, विचार-विमर्श, सम्मेलन, प्रदर्शनी आदि गर्ने-गराउने,
(घ) सामाजिक शास्त्रको विकासको निमित्त सम्बद्ध विषयका विद्वान्‌हरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्‌भावना र समन्वयको अभिवृद्धि गर्ने,
(ङ) बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय नेपाली समाजको सामाजिक शास्त्रको विषयमा योगदान दिने स्थानीय लेखक तथा सम्बद्ध अन्य संस्थाहरूको विकासमा सहयोग पुर्‍याउने,
(च) सामाजिक शास्त्रका विभिन्न विषयमा हुने अन्तरराष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचार-विमर्श प्रदर्शनी आदिमा प्रतिनिधित्व गर्ने-गराउने,
(छ) सामाजिक शास्त्रका विभिन्न क्षेत्रसँग सम्बद्ध अन्तरराष्ट्रिय संघसंस्थासँग सम्बन्ध विस्तार गर्ने,
(ज) बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय नेपाली समाजको सामाजिक शास्त्रका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी विद्वान्‌हरूको कदर तथा सम्मान गर्ने,
(झ) सामाजिक शास्त्रको विषयमा प्रज्ञा-प्रतिष्ठानसँग सम्बद्ध अन्य आवश्यक कार्यहरू गर्ने-गराउने ।

**(५) दर्शन विभाग**

(क) नेपालका विविध दर्शनसम्बन्धी विभिन्न विषयमा उपयोगी ग्रन्थ एवं कृतिहरू तयार गर्ने-गराउने,
(ख) नेपालका विविध दर्शनसम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्ने-गराउने,
(ग) दर्शनका विभिन्न विषयमा प्रवचन, गोष्ठी, विचार-विमर्श, सम्मेलन, प्रदर्शनी आदि गर्ने-गराउने,
(घ) दर्शनका विभिन्न क्षेत्रसँग सम्बद्ध राष्ट्रिय, अन्तरराष्ट्रिय संघसस्थासँग सम्बन्ध-विस्तार गर्ने,
(ङ) नेपालका विविध दर्शनका क्षेत्रमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी विद्वान्‌हरूको कदर तथा सम्मान गर्ने,
(च) दशनशास्त्रको विकासको निमित्त सम्बद्ध विषयका विद्वान्‌हरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्‌भावना र समन्वयको अभिवृद्धि गर्ने ।

## परिच्छेद ४

# सभा

## ९. सभाको काम, कर्तव्य र अधिकार

ऐनले तोकेको काम, कर्तव्य र अधिकारका अतिरिक्त सभाको अन्य कामहरू देहाय बमोजिम हुनेछन :

(१) नेपालका सबै भाषा, साहित्य, सामाजिक शास्त्र, दर्शन तथा संस्कृतिलाई संरक्षण एवं सम्बर्द्धन र विकास गर्न नीति तयार गर्ने-गराउने,
(२) प्राज्ञ-परिषद्‌लाई अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजउपयोगी कृतिहरू तयार गर्ने-गराउने तथा सोसम्बन्धी विद्वान् तथा प्रतिभाहरूको सम्मान र कदर गर्ने सम्बन्धमा अन्य विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न नीतिगत निर्देशन दिने,
(३) प्रज्ञा-प्रतिष्ठानसँग सम्बन्धित विभिन्न विषयहरूमा प्राज्ञ-परिषद्‌ले बनाएको नीति, कार्यक्रम र बजेटलाई छलफल गरी अनुमोदन गर्ने ।

## १०. सभाको बैठक

(१) सभाको बैठक वर्षमा कम्तीमा २ पटक बस्नेछ, तर कुनै कारणवश सभाको बैठक बोलाउन पर्ने परिषद्‌लाई लागेमा अन्य अवस्थामा पनि बैठक बस्न सक्नेछ ।
(२) सभाको बैठकमा प्रमुख संरक्षक एवं संरक्षकलाई समेत आमन्त्रण गर्न सकिनेछ ।
(३) सभाका अध्यक्षको निर्देशनमा सदस्य सचिवले सभाको बैठक बोलाउन सक्नेछ ।
(४) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले सभाको अध्यक्षता गर्नेछ । सभाका अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा सभाका सदस्यहरूमध्ये जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

## ११. बैठकको सूचना

सभाको बैठक बस्ने मिति, समय र स्थान निश्चित भएपछि बैठकमा छलफल गरिने विषय समेत स्पष्ट रूपले उल्लेख गरी सम्भव भएसम्म सो बैठकमा प्रस्तुत हुने प्रस्ताव एवं कार्यसूची समेत बैठक बस्नुभन्दा कम्तीमा १५ दिनअगावै सदस्य सचिवले अध्यक्ष, उपाध्यक्ष एवम् अन्य सबै सदस्यहरूलाई लिखित रूपमा पठाउनुपर्नेछ । तर उपर्युक्तबमोजिम पठाइएको

कार्यसूचीमा कुनै विषयवस्तु थप गर्नु अत्यावश्यक देखिएको खण्डमा सदस्य सचिवले सभाका अध्यक्षको स्वीकृति लिई सभाको बैठक बस्नुभन्दा २४ घण्टाअगावै अध्यक्ष, उपाध्यक्ष एवम् अन्य सबै सदस्यहरूलाई उक्त थप गरिएको विषयवस्तुको कार्यसूची लिखित रूपमा पठाउन कुनै किसिमको बाधा पर्नेछैन ।

## १२. बैठकको प्रारम्भ र स्थगन

सभाको बैठकको प्रारम्भ र स्थगनको घोषणा अध्यक्षले गर्नेछ ।

## १३. गणपूरक सङ्ख्या

सभाको बैठकमा तत्काल कायम रहेका सदस्यहरूमध्ये ५१ प्रतिशत सदस्य उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

## १४. बैठकमा पेस हुने प्रस्तावसम्बन्धी व्यवस्था

(१) बैठकको कार्यसूचीमा उल्लिखित प्रस्ताव सचिवले बैठकमा प्रस्तुत गर्नेछ ।

(२) सभाका सदस्यहरूले सभामा छलफलको लागि प्रस्तुत गर्न चाहेको प्रस्ताव लिखित रूपमा सभाको बैठक बस्नुभन्दा कम्तीमा तीन दिनअगावै सदस्यसचिवको कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

(३) सभाको बैठकको प्रारम्भ भएपछि अध्यक्षले प्रस्ताव-प्रस्तुतकर्ता सदस्यलाई प्रस्ताव सभामा प्रस्तुत गर्न समय दिनेछ, तर विशेष कारणवश निज सो बैठकमा अनुपस्थित रहेमा बैठकको अध्यक्षको अनुमति लिई अन्य सदस्यले अनुपस्थित सदस्यको तर्फबाट सो प्रस्ताव पेस गर्न सक्नेछ ।

(४) कुनै सदस्यले बैठकमा प्रस्तुत गरेको प्रस्ताव अर्को सदस्यद्वारा समर्थन नभएमा उक्त प्रस्ताव स्वतः निष्क्रिय भएको मानिनेछ ।

(५) बैठकमा प्रस्तुत प्रस्तावमा प्रस्तावक स्वयंले वा अन्य कुनै सदस्यले संशोधन पेस गर्न चाहेमा संशोधन-प्रस्ताव पेस गर्नको लागि अध्यक्षले मनासिबमाफिकको समय दिनेछन् ।

(६) उपनियम (५) बमोजिम संशोधन-प्रस्ताव पेस भएमा अध्यक्षले त्यस्तो प्रस्ताव प्रस्तुतकर्ता सदस्यलाई संशोधन-प्रस्तावको सम्बन्धमा संक्षिप्त वक्तव्य दिन समय दिनेछ ।

(७) बैठकमा पेस भएको प्रस्ताव वा त्यसमाथिको संशोधन-प्रस्ताव बैठकको अध्यक्षको अनुमति लिई प्रस्तावक सदस्यले फिर्ता लिन सक्नेछ ।

## १५. निर्णयार्थ प्रस्ताव प्रस्तुत गर्ने

बैठकमा प्रस्तुत भएको प्रस्ताव एवं त्यसमाथिको संशोधन-प्रस्ताव भएमा सो समेत नियम १४ को उपनियम ७ बमोजिम सम्बन्धित प्रस्तुतकर्ताले फिर्ता नलिएमा उक्त प्रस्तावहरूमाथि बैठकमा छलफल भइसकेपछि निर्णयार्थ प्रस्तुत गरिनेछ ।

## १६. प्रस्ताव पारित गर्ने

(१) बैठकमा निर्णयार्थ प्रस्तुत गरिएका प्रस्तावहरू एवं संशोधन-प्रस्तावहरूको निर्णयको लागि अध्यक्षले सदस्यहरूलाई आह्वान गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्णयको लागि प्रस्तुत भएका प्रस्तावहरू एवं संशोधन प्रस्तावहरू उक्त सभाको सर्वसम्मतिबाट निर्णय भएमा सोही बमोजिम पारित भएको मानिने र सर्वसम्मत नभएमा अध्यक्षले मतदानको लागि सदस्यहरूलाई आह्वान गर्नेछ ।

(३) सभामा प्रस्तुत भएका विषयहरूको निर्णय सभाको बहुमतबाट हुनेछ, तर सभामा प्रस्तुत प्रस्तावको पक्ष र विपक्षमा बराबर मत भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(४) सभाको निर्णय अध्यक्षले आवश्यकतानुसार खुला मत वा समूह-विभाजन वा गोप्य मतदानद्वारा गराउन सक्नेछ ।

(५) बैठकमा प्रस्तुत प्रस्ताव बैठकबाट अस्वीकृत भएमा स्वतः रद्द भएको मानिनेछ ।

(६) बैठकबाट पारित निर्णयको घोषणा अध्यक्षले गर्नेछ । साथै अध्यक्षबाट घोषित निर्णय सभाको निर्णय मानिनेछ ।

## १७. निर्णयको अभिलेख तथा प्रमाणीकरण

(१) सचिवले बैठकबाट पारित भएको निर्णयको अभिलेख निर्णय-पुस्तिकामा अद्यावधिक रूपले तयार गरी राख्नुपर्नेछ ।

(२) निर्णय-पुस्तिकामा गरिएका निर्णयहरू कुलपतिको दस्तखत गराई सदस्यसचिवले समेत प्रमाणित गरी सुरक्षित राख्नुपर्नेछ ।

(३) सचिवले सभाको बैठकको कारबाईको सम्पूर्ण विवरण एवं बैठकद्वारा पारित निर्णयहरू तयार गरी सदस्यहरूको जानकारीको लागि पठाउनेछ ।

## १८. बैठकभत्ता

प्राज्ञसभाको बैठकमा उपस्थित भई भाग लिएबापत प्राज्ञसभाका सदस्यहरूलाई दैनिक तथा भ्रमण भत्ता र बैठक भत्ता प्राज्ञ-परिषद्ले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ५

## परिषद्

### १९. प्राज्ञ-परिषद्को काम, कर्तव्य र अधिकार

ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

(१) भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र तथा दर्शनका विषयमा खोज अनुसन्धान गरी विभिन्न विभागमार्फत विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने-गराउने,

(२) प्राज्ञसभाबाट दिइएका निर्देशन एवं मार्गदर्शनहरूलाई आधार मानी सोअनुसारको कार्यक्रमहरू सञ्चालन गर्ने,

(३) मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता प्रदान गर्ने आधारहरू तयार गर्ने,

(४) विद्वत्वृत्ति, कदर, सम्मान, पुरस्कार प्रदान गर्न योगदान पुऱ्याउने व्यक्तिहरूको चयन गर्ने सम्बन्धमा आवश्यक आधारहरू तय गर्ने,

(५) प्राज्ञ-परिषद्ले वर्षभरिमा भएगरेका कामकारवाहीहरू स्पष्ट रूपमा देखिने गरी वार्षिक प्रतिवेदन तयार गर्ने-गराउने,

(६) आआफ्नो विभागअन्तर्गतको प्रगति विवरण प्रत्येक ३/३ महिनामा कुलपतिसमक्ष प्रस्तुत गर्ने र सोको समीक्षा गर्ने,

(७) ऐनको प्रस्तावनामा उल्लेखित उद्देश्यहरू कार्यान्वयन गर्न आवश्यक कार्यहरू गर्ने-गराउने,

(८) प्रज्ञा-प्रतिष्ठानका नियमहरूको व्याख्या गर्ने ।

### २०. प्राज्ञ-परिषद्को बैठकसम्बन्धी व्यवस्था

(१) प्राज्ञ-परिषद्को बैठक सामान्यतः दुई महिनामा कम्तीमा १ पटक बस्नेछ, तर आवश्यक परेको खण्डमा कुलपतिको निर्देशनमा सदस्य-सचिवले प्राज्ञ-परिषदको बैठक बोलाउन सक्नेछ ।

(२) प्राज्ञ-परिषद्को बैठकको अध्यक्षता प्राज्ञ-परिषद्को कुलपतिले गर्नेछ । निजको अनुपस्थितिमा उपकुलपतिले प्राज्ञ-परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

(३) प्राज्ञ-परिषद्को बैठक बस्ने मिति, समय, स्थान एवं बैठकमा छलफल गरिने विषयहरू समेत स्पष्ट रूपले उल्लेख गरी बैठक बस्नुभन्दा कम्तीमा २४ घण्टाअगावै सदस्य-सचिवले सबै सदस्यहरूलाई लिखित रूपमा सूचना पठाउनुपर्नेछ ।

### २१. गणपूरक संख्या

(१) प्राज्ञ-परिषद्को बैठकमा तत्काल कायम रहेका सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

### २२. प्रस्तावसम्बन्धी व्यवस्था

(१) प्राज्ञ-परिषद्को कुनै पनि सदस्यले प्राज्ञ-परिषद्को काम, कर्तव्य र अधिकारक्षेत्रभित्र पर्ने विषयसम्बन्धी प्रस्ताव अध्यक्षको पूर्वस्वीकृति लिई प्राज्ञ-परिषद्को बैठकमा विचारार्थ वा निर्णयार्थ प्रस्तुत गर्न सक्नेछ ।

(२) प्राज्ञ-परिषद्मा प्रस्तुत हुने प्रस्तावको ढाँचा वा कार्य-व्यवस्थापन-प्रणाली प्राज्ञ-परिषद्ले तोकेबमोजिम हुनेछ ।

(३) बैठकमा पेस भएको प्रस्ताव बैठकको अध्यक्षको अनुमति लिई प्रस्तावक सदस्यले फिर्ता लिन सक्नेछ ।

### २३. निर्णयार्थ प्रस्ताव प्रस्तुत गर्ने

बैठकमा प्रस्तुत भएको प्रस्ताव एवं सोमाथि संशोधन प्रस्ताव भएमा सोसमेत यस नियमावली बमोजिम सम्बद्ध प्रस्तुतकर्ता सदस्यले फिर्ता नलिएमा उक्त प्रस्तावहरूमाथि बैठकमा पर्याप्त छलफल भइसकेपछि बैठकमा निर्णयार्थ प्रस्तुत गरिनेछ ।

### २४. प्राज्ञ-परिषद्को निर्णय

(१) प्राज्ञ-परिषद्को बैठकको छलफल वा निर्णयको लागि प्रस्तुत गरिएको प्रस्ताव वा अन्य विषयवस्तुमा बैठकको सर्वसम्मति नभएमा अध्यक्षले निर्णयको लागि मतदान गर्न सदस्यहरूलाई आह्वान गर्नेछ ।

(२) प्राज्ञ-परिषद्मा प्रस्तुत भएको विषयको निर्णय प्राज्ञ-परिषद्को बैठकको बहुमतबाट हुनेछ । तर बैठकमा प्रस्तुत प्रस्ताव वा अन्य विषयवस्तुको पक्ष र विपक्षमा बराबर मत भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(३) बैठकबाट पारित निर्णयको घोषणा अध्यक्षले गर्नेछ । साथै अध्यक्षबाट घोषित निर्णय प्राज्ञ-परिषद्को निर्णय मानिनेछ ।

(४) सचिवले प्राज्ञ-परिषद्को बैठकको प्रत्येक निर्णय निर्णय-पुस्तिकामा लेखी अध्यक्षको हस्ताक्षर गराई आफूले समेत प्रमाणित गरी राख्नुपर्नेछ ।

(५) बैठकका निर्णयहरूको एक प्रति सदस्यहरूलाई जानकारीका लागि पठाउनु पर्नेछ ।

## परिच्छेद ६

## सेवा आयोगसम्बन्धी व्यवस्था

### २५. सेवा आयोगका काम, कर्तव्य र अधिकार

सेवा आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्–

(१) प्रज्ञा-प्रतिष्ठानका कर्मचारी एवं कलाकारहरूको नियुक्तिको निम्ति उपयुक्त उम्मेदवारको परीक्षाहरूको सञ्चालन गर्नु, छनोट गर्नु, छनोट भएका उम्मेदवारहरूको सिफारिस गर्नु सेवा आयोगको कर्तव्य हुनेछ ।

(२) प्रज्ञा-प्रतिष्ठानको सेवाको निवृत्तिभरण पाउने पदमा सेवा आयोगको परामर्शबिना स्थायी नियुक्ति गरिनेछैन ।

(३) प्रज्ञा-प्रतिष्ठानका कर्मचारी एवं कलाकारहरूको बढुवाको लागि सेवा आयोगले सिफारिस गर्नेछ ।

(४) देहायका विषयमा सेवा आयोगको परामर्श लिनुपर्नेछ–

(क) प्रज्ञा-प्रतिष्ठानको सेवाका सर्तसम्बन्धी कानुनको विषयमा,

(ख) प्रज्ञा-प्रतिष्ठानको सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अँगाल्नुपर्ने सिद्धान्तको विषयमा,

(ग) प्रज्ञा-प्रतिष्ठानको सेवाको पदमा ६ महीनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) प्रज्ञा-प्रतिष्ठानको सेवामा रहेको कुनै कर्मचारी एवं कलाकारलाई दिइने विभागीय सजायको विषयमा,

(५) (१) सेवा आयोगका अन्य काम, कर्तव्य, अधिकार तोकिएबमोजिम हुनेछन् ।

(२) प्रज्ञा-प्रतिष्ठानको ऐननियमको अधीनमा रही सेवा आयोगले अन्य कार्यविधि आफैं निर्धारण गर्नेछ ।

(६) सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूले बैठकमा भाग लिएबापत पाउने बैठकभत्ता प्राज्ञ-परिषद्द्वारा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद ७

# पदाधिकारीको सेवा, सर्त र सुविधा

### २६. पदाधिकारीहरूको सेवा, सर्त तथा सुविधा सम्बन्धी व्यवस्था

प्रज्ञा-प्रतिष्ठानका पदाधिकारीहरूको सेवा, सर्त तथा सुविधा देहाय बमोजिम हुनेछ–

(१) **पारिश्रमिक :**

कुलपतिलाई नेपाल सरकारका राज्य मन्त्रीसरहको पारिश्रमिक, उपकुलपतिलाई सहायक मन्त्रीसरहको पारिश्रमिक र सदस्य एवं सचिवलाई नेपाल सरकारका विशिष्ट श्रेणीका मुख्य सचिवले पाउने सरहको पारिश्रमिक प्रदान गरिनेछ ।

(२) प्राज्ञ-परिषद्का पदाधिकारीहरूले पाउने अन्य सुविधाहरू प्राज्ञ-परिषद्ले तोके बमोजिम हुनेछ ।

(३) **आजीवन सदस्यहरूको भत्ता-** आजीवन सदस्यहरूले प्राज्ञ परिषद्का सदस्यलाई तोकिएको पारिश्रमिकको आधा रकम बराबरको मासिक पारिश्रमिक पाउने छन् । नेपाल सरकार वा सरकारी स्वामित्वमा रहेका कुनै संस्थान, प्रतिष्ठान वा विश्वविद्यालयमा तलबी जागिर, निवृत्तिभरण वा सोही प्रकृतिको सुविधा पाइरहेको आजीवन सदस्यले भने आजीवन सदस्यका हैसियतमा पाउने मासिक पारिश्रमिक, भत्ता वा सुविधा पाउने छैनन् । तर यो नियम लागुहुनुअघि कुनै आजीवन सदस्यले दोहोरो नहुनेगरी खाइपाई आएको रकमाङ्क भने घटाइने छैन ।[§§]

(४) **पेस्की दिन सकिने –** प्राज्ञ परिषद्का सदस्यहरूलाई सोही आर्थिक वर्षमा सोधभर्ना हुनेगरी बढीमा ३ (तीन) महिनाको पारिश्रमिक बराबरका रकम पेस्कीस्वरूप दिन सकिने छ ।[§§]

### २७ बिदा

(१) कुलपति, उपकुलपति, सचिव एवं परिषद्का सदस्यहरूले आफ्ना कार्यकालमा वर्षको २ महिनाको दरले सेवाअवधिभर बढीमा ८ महीनासम्मको पूरा पारिश्रमिकसहित बिदा पाउन सक्नेछन् ।

(२) उपनिय (१) बमोजिम बिदा लिँदा एक पटकमा एक महिनामा नबढाई बिदा लिन सकिनेछ ।

(३) उपर्युक्त पदाधिकारीहरूले आफ्नो सेवाअवधिमा उपनियम (१) मा उल्लेख भएअनुसार बिदा नलिएमा वा समय-समयमा बिदा लिई बाँकी बिदा सञ्चित हुन आएमा निज जुनसुकै बेहोराबाट आफ्नो पदबाट हटेमा पनि सञ्चित बिदाबापत हुन आउने अवधिको पारिश्रमिक बराबरको रकम एकमुस्ट लिन पाउनेछ ।

(४) कुलपतिले ३० दिनसम्मको बिदा आफैं लिन सक्ने र सोभन्दा बढीको बिदा लिनुपरेमा प्राज्ञ-परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(५) उपकुलपति लगायत प्राज्ञ-परिषद्का सदस्यहरूले कुलपतिबाट स्वीकृत गराई बिदा बस्न सक्नेछन् ।

### २८. चाडपर्व खर्च

(१) पदाधिकारीहरूले आफ्नो धर्म, संस्कृति, परम्पराअनुसार मनाइने चाडपर्वका लागि खाईपाई आएको एक महिनाको तबलबराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछन् ।

(२) यस्तो रकम पदाधिकारीले एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्मसंस्कृति, परम्पराअनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सकिनेछ ।

(३) आजीवन सदस्यहरूले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने चाडपर्वका लागि खाईपाई आएको एक महिनाको भत्ता बराबरको रकम एक आर्थिक वर्षमा एक पटक चाडपर्व खर्चका रूपमा पाउने छन् ।[♣]

### २९. सवारी साधन र इन्धन सुविधा

(१) कुलपतिलाई ड्राइभर र इन्धनसहितको एक थान सवारी साधन उपलब्ध गराइनेछ ।

(२) उपकुलपतिलाई ड्राइभर र इन्धनसहितको एक थान सवारी साधन उपलब्ध गराइनेछ ।

---

§§ ३९ औं प्राज्ञ सभाद्वारा संशोधित

§§ ३९ औं प्राज्ञ सभाद्वारा संशोधित

♣ ३२ औं प्राज्ञ सभाद्वारा संशोधित

(३) सदस्यहरूलाई यातायातको लागि ड्राइभर इन्धनसहितको सवारी साधन उपलब्ध गराइनेछ ।
(४) सचिवलाई ड्राइभर इन्धनसहितको एक थान सवारी साधन उपलब्ध गराइनेछ ।
(५) कुनै सदस्यले प्रतिष्ठानको सवारी साधन प्रयोग नगरी आफ्नो निजी साधन प्रयोग गर्न चाहेमा त्यस्तो साधन प्रयोग गरेबापत मासिक ८० लिटर पेट्रोल मात्र उपलब्ध गराइनेछ । यस्तो सवारी साधनको मर्मतसम्भार खर्च दिइनेछैन ।
(६) कुनै पदाधिकारीले प्रतिष्ठानको कामको सिलसिलामा उपत्यकाबाहिर जानुपर्दा प्रयोग गरिएको सवारी साधनलाई लाग्ने इन्धन प्रतिष्ठानले उपलब्ध गराउनेछ ।

**३०. आवास सुविधा**

उपत्यकाभित्र स्थायी घरवास नभएका पदाधिकारीलाई मासिक रु.२५,०००।-(पच्चिस हजार) रकम घरभाडा बापत उपलब्ध गराइनेछ । &&

**३१. दैनिक तथा भ्रमण भत्ता**

पदाधिकारीहरूले प्रतिष्ठानको कामकारवाहीको सिलसिलामा नेपाल राज्यभित्र वा मुलुकबाहिर भ्रमण गर्नुपरेमा नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारी (मुख्य सचिव) ले पाउनेसरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

**३२. संचयकोष**

पदाधिकारीहरूको मासिक पारिश्रमिकबाट १० (दस) प्रतिशत रकम कट्टा गरी सोही बराबरको रकम प्रतिष्ठानले थप गरी संचयकोषमा जम्मा गरिनेछ ।

## परिच्छेद ८

## पदाधिकारीहरूको आचरण

**३३. पदाधिकारीहरूले गर्न नहुने काम**

(१) प्रज्ञा-प्रतिष्ठानको कुनै पनि पदाधिकारीले निम्नलिखित कार्य गर्नु हुँदैन–
(क) प्रज्ञा-प्रतिष्ठान वा आफ्नो ओहदाको प्रतिष्ठामा आघात पुग्ने कामकारबाही तथा आचरण गर्नु हुँदैन ।
(ख) आचरणसम्बन्धी नियम प्राज्ञ-परिषद्को आजीवन तथा मानार्थ सदस्यहरूलाई पनि लागू हुनेछ ।

## परिच्छेद ९

## लेखकस्व (रोयल्टी) र प्रकाशन-अनुदान

**३४. लेखकस्व (रोयल्टी) सम्बन्धी व्यवस्था**

(१) कसैको आफ्नो श्रम र साधनद्वारा लेखिएका कुनै रचना वा ग्रन्थ प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित गरिएमा सो रचना वा ग्रन्थको निर्धारित मूल्यको २५ प्रतिशतसम्म लेखकस्व (रोयल्टी) सो व्यक्तिलाई निज र नेपाल प्रज्ञा-प्रतिष्ठानको बीचमा भएको कबुलियतअनुसार प्रज्ञा-प्रतिष्ठानले दिनेछ ।
(२) नेपाल प्रज्ञा-प्रतिष्ठानको पूँजी, साधन, श्रम वा प्रज्ञा-प्रतिष्ठानका कर्मचारीको सेवासमेतको उपयोग गरी प्रज्ञा-प्रतिष्ठानको प्रबन्धमा विशेष अनुसन्धान तथा खोजी गरी तयार भए-गरिएको कुनै पनि रचना वा ग्रन्थमा दिइने लेखकस्व (रोयल्टी) १५ प्रतिशतभन्दा बढी हुनेछैन ।
(३) तर नेपाल प्रज्ञा-प्रतिष्ठानको तर्फबाट अनुवाद, सङ्कलन वा सम्पादन गर्ने काममा नियुक्त भएको नेपाल प्रज्ञा-प्रतिष्ठानको कुनै वैतनिक कर्मचारीद्वारा त्यसरी तयार भएको रचनामा सो कर्मचारीले कुनै किसिमको लेखकस्व (रोयल्टी) पाउनेछैन ।
(४) कुनै रचना वा कृतिको प्रकाशन बिक्री तथा वितरणको सर्वाधिकार कबुलियतअनुसार पारिश्रमिक दिएर नेपाल प्रज्ञा-प्रतिष्ठानले लेखकबाट खरिद गर्न सक्नेछ । यस्तो सर्वाधिकार प्राप्त रचनामा कबुलियत सर्तअनुसार कुनै लेखकस्व (रोयल्टी) दिनुपर्नेछैन ।
(५) अत्यधिक आवश्यकता परेका ग्रन्थ योग्य लेखकबाट लेखाउनु वा अनुवाद गराउनु पर्दा प्राज्ञ परिषद्ले विशेष पारिश्रमिक दिएर पनि लेखाउन वा अनुवाद गराउन सक्नेछ । यसरी लेखाइएको वा अनुवाद गराइएकोमा त्यसको लेखकस्व (रोयल्टी) प्रथम संस्करणको लागि लेखकहरूलाई दिइनेछैन ।

(६) प्रकाशनको लागि प्राप्त रचना कृति वा पुस्तकको छानबिन गरी तत्सम्बन्धमा निर्णय गर्न प्राज्ञ परिषद्ले एउटा छुट्टै उपसमितिको गठन गर्नेछ । सो उपसमितिको सिफारिसअनुसार प्रकाशनयोग्य ठहरेका पुस्तक-पुस्तिकाहरू मात्र नियमबमोजिम लेखकस्व (रोयल्टी) प्रदान गर्ने गरी प्रकाशित गरिनेछ ।

&& ३४ औं प्राज्ञ सभा-२०७६ द्वारा संशोधित

तर नियम ३४ को उपनियम (२) र (४) अनुसार तयार भई प्रकाशित गरेका पुस्तकहरूको पुनः प्रकाशन नेपाल प्रज्ञा-प्रतिष्ठानले आफैले गर्न नसक्ने ठानेमा सम्बन्धित लेखकलाई प्राज्ञ परिषद्को निर्णयले प्रकाशनको अधिकार दिन सकिनेछ ।

(७) प्रज्ञा-प्रतिष्ठानले पुस्तकको रूपमा प्रकाशित गरेको लेखकको कृति (पाण्डुलिपि) को पुनर्प्रकाशनको आवश्यकता प्रज्ञा-प्रतिष्ठानले नदेखेमा उक्त पुस्तकको पुनर्प्रकाशनको अधिकार सम्बन्धित लेखकलाई कुलपतिको स्वीकृतिमा प्रदान गर्न सकिने छ ।

## परिच्छेद १०

## आर्थिक सहायता, उपचार कोष एवं अन्य सहयोग सम्बन्धी व्यवस्था

### ३५. आर्थिक सहायता प्रदान गर्न सकिने

(१) नेपाल प्रज्ञा-प्रतिष्ठानको कार्यक्षेत्रभित्र स्वीकृत पाँच विभागमध्ये सबै वा कुनै विभागमा योगदान दिने व्यक्ति वा संस्थालाई आर्थिक सहयोग माग गरेमा प्राज्ञ-परिषद्को निर्णयअनुसार आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

(२) आर्थिक सहायता रकम रु. १०००।- सम्मको भए सचिवले, रु.२०००।- सम्म भए उपकुलपतिले र रु. ५०००।- सम्मको भए कुलपतिले आफैंले हेरी प्रदान गर्न सक्नेछ ।

(३) आर्थिक सहायता दिने सम्बन्धी अन्य नीति निर्धारण प्राज्ञ-परिषद् आफैंले व्यवस्था गरेबमोजिम हुनेछ ।

(४) यस नियम बमोजिम प्रदान गरिएको आर्थिक सहायताको विवरण प्राज्ञ-परिषद्मा पेस गर्नुपर्नेछ ।

### ३६. राष्ट्रिय प्रतिभा उपचार कोष तथा साहित्यिक पत्रिका सहयोग कोषसम्बन्धी व्यवस्था

(१) नेपाल प्रज्ञा-प्रतिष्ठानले राष्ट्रिय प्रतिभाहरू बिरामी भई उपचार गर्न तथा साहित्यिक पत्रिकालाई सहयोग गर्न छुट्टाछुट्टै कोष खडा गर्नेछ ।

(२) उपनियम (१) बमोजिम संचालित कोषको रकम र सो सञ्चालन सम्बन्धी प्रक्रियाका सम्बन्धमा परिषद्ले छुट्टै कार्यविधि बनाई यस्ता कोषको सञ्चालन गर्न सक्नेछ ।

(३) यो नियम प्रारम्भ हुनु अघि संचालित त्यस्ता कोषहरू र सो अन्तर्गत बनेका कोष सञ्चालन कार्यविधि यसै नियम अन्तर्गत सञ्चालन भएको र कार्यान्वयन भएको मानिनेछ ।

### ३७. मानार्थ प्राज्ञ तथा आजीवन सदस्यसम्बन्धी व्यवस्था

(१) नेपाल प्रज्ञा-प्रतिष्ठानले मानार्थ प्राज्ञ तथा आजीवन सदस्य तोक्ने आधार एवं मापदण्डहरू आफैं निर्धारण गर्न सक्नेछ । त्यसरी निर्धारण गरेको मापदण्डलाई आधार मानी मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता सम्बन्धी सिफारिस सभामा पेस गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम मानार्थ प्राज्ञ तथा आजीवन सदस्यको चयन गरी प्राज्ञ परिषद्मा सिफारिस गर्न कुलपतिले उपकुलपतिको संयोजकत्वमा बढीमा ५ सदस्य रहेको समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित समितिले त्यस्ता मानार्थ प्राज्ञ तथा आजीवन सदस्यको सिफारिस गर्दा उपदफा (२) मा उल्लेखित परिषद्ले तयार गरेको मापदण्डलाई आधार बनाउनु पर्नेछ ।

### ३८. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्ने सम्बन्धी व्यवस्था

(१) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको विधामा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न त्यस्ता व्यक्तिहरूको चयन गर्न कुलपतिले उपकुलपतिको संयोजकत्वमा सम्बन्धित प्राज्ञहरू रहेको समिति गठन गर्न सक्नेछ । त्यसरी गठन गरेको समितिले त्यस्तो कदर, सम्मान प्राप्त गर्न सक्ने व्यक्तिको चयन गरी कुलपति समक्ष सिफारिस पेस गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित सिफारिस समितिको प्रतिवेदन प्राज्ञ-परिषद समक्ष पेस गरिनेछ ।

(३) प्राज्ञ-परिषद्ले त्यसरी सिफारिस गर्ने व्यक्तित्वको चयनसम्बन्धी आधारहरू तोक्न सक्नेछ ।

## परिच्छेद ११

## विद्वद्वृत्तिसम्बन्धी व्यवस्था

### ३९. विद्वद्वृत्ति प्रदान गर्न सकिने–

(१) नेपाल प्रज्ञा-प्रतिष्ठानले ऐनको दफा ५ मा रहेका उद्देश्यलाई अघि बढाउने गरी अनुसन्धान-अन्वेषण गर्ने कार्यको लागि एक वर्षमा सामान्यतया तोकिएको प्रत्येक विभागमा कम्तीमा एउटा पर्ने गरी विद्वद्वृत्ति प्रदान गर्न सक्नेछ ।
तर यस्तो विद्वद्वृत्ति नेपाल प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी, कर्मचारी तथा कलाकारले पाउने छैनन् ।

(२) नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिने विद्वद्वृत्तिको संख्या र विषय खुलाई उम्मेदवारहरूको आवेदनको लागि नेपालका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

(३) नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिने विद्वद्वृत्ति नेपाली नागरिकले प्राप्त गर्न सक्नेछ । तर विदेशी (गैर नेपाली नागरिक) को हकमा विषयको आवश्यकता र औचित्य हेरी परिषद्ले प्रदान गर्न सक्नेछ । विद्वद्वृत्ति प्राप्त गरिसकेको व्यक्तिलाई निजले पाएको विद्वद्वृत्तिको अवधि समाप्त भएको मितिले चार वर्षको अवधि समाप्त नभएसम्म अर्को विद्वद्वृत्ति प्रदान गरिनेछैन ।

(४) यस्तो विद्वद्वृत्ति एक व्यक्तिलाई एक वर्षको लागि दिइनेछ । तर यस्तो विद्वद्वृत्तिको अवधि थप गर्नु आवश्यक देखिएमा अर्को १ वर्षसम्मको लागि पुनः थप गर्न सकिनेछ ।

(५) विद्वद्वृत्ति प्रदान गर्नको लागी उम्मेदवारको सिफारिस गर्न निम्नबमोजिमको समिति गठन गर्न सकिनेछ :

| | | |
|---|---|---|
| (क) | उपकुलपति | - संयोजक |
| (ख) | सम्बन्धित विभागका प्राज्ञ | - सदस्य |
| (ग) | सम्बन्धित क्षेत्रका विज्ञहरूमध्ये कुलपतिले तोकेका दुई जना विज्ञ | - सदस्य |
| (घ) | प्राज्ञ-परिषद्को सचिव | - सदस्य सचिव |

(६) उपनियम (५) बमोजिम गठित समितिले आफ्नो सिफारिस कुलपतिसमक्ष पेस गर्नुपर्नेछ । उक्त सिफारिसअनुसार प्राज्ञपरिषद्ले त्यस्तो विद्वद्वृत्ति प्राप्त गर्ने उम्मेदवारको छनोट गर्नेछ ।

(७) यसरी प्रदान गरिने विद्वत्वृत्ति प्राप्त उम्मेदवारको नामसहित प्रज्ञासभामा अनुमोदनका लागि पेस गरिने छ ।

## ४०. विद्वद्वृत्तिको रकम

(१) विद्वद्वृत्तिको रकम प्राज्ञ-परिषद्ले तोकेबमोजिम हुनेछ ।

(२) प्राज्ञ-परिषद्ले अन्यथा निर्णय गरेमा बाहेक विद्वद्वृत्तिबाट पाउने रकम विद्वद्वृत्तिमा तोकिएको अवधिसम्म हरेक महिनाको सुरुमा वा परिषद्ले तोके बमोजिम आवधिक रूपमा दिइनेछ ।

(३) नेपाल प्रज्ञा-प्रतिष्ठानबाट विद्वद्वृत्ति प्राप्त गर्ने व्यक्तिलाई तोकिएको विद्वद्वृत्ति बाहेक अन्य कार्यको निमित्त कुनै अर्को रकम दिइनेछैन ।

## ४१. विद्वद्वृत्ति प्राप्त गर्ने व्यक्तिको कर्तव्य

(१) विद्वद्वृत्ति पाएका व्यक्तिले आफूले गरेको कार्यको लिखित प्रतिवेदन प्रत्येक ३ महीनामा कुलपतिमार्फत प्राज्ञ परिषद्मा पेस गर्नुपर्नेछ ।

(२) विद्वद्वृत्ति लिई तयार गराइएको अनुसन्धानात्मक कृतिको कम्प्युटर टाइप गरी, बाइन्ड गरेको एक प्रति, त्यसको एक थान सिडीसमेत विद्वद्वृत्ति समाप्त हुने दुई हप्ताअगाडि प्रज्ञा-प्रतिष्ठानमा बुझाउनु पर्नेछ ।

(३) यस सम्बन्धमा प्राज्ञ-परिषद्को कुनै निर्देशन भए सोको पालना गर्नु विद्वद्वृत्ति पाउने व्यक्तिको कर्तव्य हुनेछ ।

## ४२. विद्वद्वृत्ति फिर्ता लिन सकिने

विद्वद्वृत्ति प्राप्त गरी कुनै व्यक्तिले प्रारम्भ गरेको कार्य सन्तोषजनक नठहराएमा निजलाई प्रदान गरिएको विद्वद्वृत्ति प्राज्ञ-परिषद्ले जुनसुकै अवस्थामा पनि फिर्ता लिन सक्नेछ ।

## ४३. विद्वद्वृत्ति पाई तयार गरिएका कृतिहरूको प्रकाशन

विद्वद्वृत्ति पाई तयार पारिएका कृतिहरू प्रकाशित गर्न नेपाल प्रज्ञा-प्रतिष्ठानलाई कुनै बाध्यता हुनेछैन, तर नेपाल प्रज्ञा-प्रतिष्ठानले यस्ता कृतिहरू प्रकाशित गरेमा लेखकले नियमानुसार पाउने लेखकस्व (रोयल्टी) पाउनेछ ।

# परिच्छेद १२

# विविध

## ४४. कर्मचारीसम्बन्धी व्यवस्था

प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीहरूको सेवा, सर्त, सुविधासम्बन्धी व्यवस्था छुट्टै नियमद्वारा हुनेछ ।

## ४५. आर्थिक कार्यप्रणाली

प्रज्ञा-प्रतिष्ठानको आर्थिक कार्यप्रणाली छुट्टै नियमद्वारा तोकिए बमोजिम हुनेछ ।

## ४६. कर्मचारीसम्बन्धी विशेष व्यवस्था

(१) प्रज्ञा-प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूलाई निजहरूको योग्यता, अनुभव, कार्यविशिष्टता, निजहरूको रुचिसमेतको आधारमा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानअन्तर्गत रहने गरी निजहरूलाई रुचिअनुसारको प्रतिष्ठानमा ऐनको दफा ३६(४) नेपाल सरकारले तोकेपछि हस्तान्तरण हुनको लागि प्रज्ञा-प्रतिष्ठानले निश्चित समय दिई सूचना प्रकाशित गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित सूचना बमोजिम अन्य प्रज्ञा-प्रतिष्ठानमा जान चाहने कर्मचारीहरूले आफूले जान चाहेको प्रज्ञा-प्रतिष्ठानमा जानको लागि अनुमतिको निवेदन दिन सक्नेछन् ।

(३) उपनियम (२) बमोजिम निवेदन दिने कलाकार तथा कर्मचारीलाई तत्तत् प्रज्ञा-प्रतिष्ठानमा रहने गरी निजहरूको दरबन्दीसहित नेपाल सरकारले पदस्थापन गरिदिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पदस्थापना भएपछि त्यस्ता कर्मचारीहरूको यस नेपाल प्रज्ञा-प्रतिष्ठानमा रहेको दरबन्दी स्वतः खारेज भएको मानिनेछ ।

## ४७. प्रतीक चिन्ह

प्रज्ञा-प्रतिष्ठानको प्रतीक चिन्ह प्राज्ञ-परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

## ४८. वार्षिक प्रतिवेदन

(१) प्रज्ञा-प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको कामकारवाही स्पष्ट देखिने गरी सामान्यतः आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी संस्कृति मन्त्रालय मार्फत प्रमुख संरक्षक (प्रधानमन्त्री) समक्ष पेस गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेस गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त निम्न कुराहरू उल्लेख गर्नुपर्नेछ :

(क) प्रज्ञा-प्रतिष्ठानले वर्षभरिमा अध्ययन तथा अनुसन्धान गरेका ग्रन्थ एवं कृतिहरूको विवरण ।

(ख) प्रज्ञा-प्रतिष्ठानले वर्षभरिमा गरेको ग्रन्थ एवं कृतिहरूको अनुवाद एवं प्रकाशन ।

(ग) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रहरूमा भएका राष्ट्रिय, अन्तरराष्ट्रिय गोष्ठी, सम्मेलन, प्रदर्शनीको विवरण ।

(घ) वर्षभरिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सञ्चालित विभिन्न विधाका प्रवचन, गोष्ठी, विचारविमर्शको विवरण

(ङ) अन्तर्राष्ट्रिय संघ-संस्थासँग कुनै सम्बन्ध वा समन्वय राखेको भए सोको विवरण ।

(च) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी व्यक्तिहरूलाई प्रदान गरिएको कदर, सम्मान, पुरस्कारसम्बन्धी विवरण ।

(छ) राष्ट्रिय प्रतिभाहरूलाई उपचारमा सहयोग पुऱ्याएको भए सोको विवरण ।

(ज) साहित्यिक पत्रिकालाई सहयोग पुऱ्याएको भए सो को विवरण ।

(झ) नेपालका विभिन्न जाति, जनजाति तथा समुदायका भाषा, साहित्य, लिपि, संस्कृति तथा दर्शनको संवर्धन र संरक्षण गरेको भए सोको विवरण ।

(ञ) नेपालका सबै भाषा, विदेशी भाषा र नेपालमा बोलिने भाषामा तयार भएका, प्रकाशन भएका कुनै शब्दकोश भए सोको विवरण ।

## ४९. अधिकार-प्रत्यायोजन गर्न सकिने

(१) ऐन तथा ऐनअन्तर्गत बनेका नियमहरूबमोजिम तोकिएका पदाधिकारहरूले आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार ऐनको प्रतिकूल नहुने गरी आफूमुनिका निकाय, सङ्गठन वा पदाधिकारी वा कुनै समिति, उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अधिकार प्रत्यायोजन गरी दिँदा र लिँदा लिखित रूपमा हुनुपर्नेछ ।

(३) अधिकार-प्रत्यायोजन गरेको जानकारी आफूभन्दा माथिको निकाय वा पदाधिकारीलाई दिनुपर्नेछ ।

(४) ऐन तथा नियमअन्तर्गत प्रत्यायोजित अधिकारबमोजिम भएगरिएको कामकारबाही अधिकार-प्रत्यायोजन गर्ने सङ्गठन निकाय वा पदाधिकारीद्वारा नै भएगरिएको मानिनेछ ।

(५) अधिकार-प्रत्यायोजनबमोजिम भएगरिएको कामकारबाहीमा अधिकार-प्रत्यायोजन गर्ने निकाय वा पदाधिकारीको अन्तिम जिम्मेबारी एवं जबाफदेही साधारणतः रहिरहनेछ ।

## ५०. आय आर्जन गर्न सक्ने

प्रज्ञा-प्रतिष्ठानले आफूलाई तोकिएको विषयसँग सम्बन्धित विविध कार्यक्रमहरू आयोजना गरी अर्थ सङ्कलन गर्न सक्नेछ ।

## ५१. चल-अचल सम्पत्तिको अधिकतम उपयोग गर्नुपर्ने

प्रज्ञा-प्रतिष्ठानले प्रतिष्ठानको चल-अचल सम्पत्तिको अधिकतम उपयोग हुन सक्ने गरी दीर्घकालीन रूपमा आय आर्जन गर्न योजना तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

## ५२. यसै नियमबोजिम हुने

प्रचलित नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियममा लेखिएजति कुरामा यसै नियमबमोजिम हुनेछ । यस नियममा लेखिएबाहेक अन्य कुनै कामकारबाहीको सम्बन्धमा प्रज्ञा-प्रतिष्ठान वा यसका विभागद्वारा अवलम्बन गरी आएको परम्परा एवं कार्यप्रणालीअनुसारका कामकारबाही वैध मानिने छन् । तर नेपाल प्रज्ञाप्रतिष्ठान ऐन २०६४ सँग बाझिएको नियम बाझिएको हदसम्म स्वतः निष्क्रिय हुने छ ।

५३. यी नियमहरूको उद्देश्यपूर्तिको लागि प्राज्ञ-परिषद्ले आवश्यक कार्यप्रणाली वा व्यवस्थापन-प्रणाली बनाई लागू गर्न सक्नेछ ।

## ५४. बाधा अड्काउ फुकाउने अधिकार

प्रचलित ऐन एवं यस नियमावलीमा उल्लेखित काम, कर्तव्यका अतिरिक्त अन्य कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार प्राज्ञ-परिषद्मा हुनेछ । त्यस्तो बाधा अड्काउ फुकाउँदा गरेको आदेश वा निर्णयले नेपाल प्रज्ञा-प्रतिष्ठानको नीतिगत कुराहरूमा असर पर्ने कुरा भएमा त्यस्ता निर्णय वा आदेशहरू प्राज्ञसभामा प्रस्तुत गरी समर्थन गराउनु पर्नेछ ।

## ५५. आन्तरिक कार्यविधि बनाउन सक्ने

यस नियमावलीमा उल्लेखित व्यवस्थाका अतिरिक्त अन्य आन्तरिक कार्यविधि प्राज्ञ-परिषद्को निर्णयअनुसार प्रज्ञा-प्रतिष्ठानले तयार गरी जारी गर्न सक्नेछ ।

## ५६. खारेजी र बचाउ

(१) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान नियमहरू, २०५१ खारेज गरिएको छ ।

(२) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान नियमहरू, २०५१ बमोजिम भए-गरिएका सम्पूर्ण कामकारबाहीहरू यसै नियमबमोजिम भए-गरिएको मानिनेछन् ।

**प्रमाणित गर्ने**

सदस्य-सचिव, प्राज्ञ-सभा